# ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७

**प्रस्तावना:** विकास निर्माण कार्यमा ढुङ्गा, गिट्टी, वालुवा लगायतका नदीजन्य तथा खानीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न, यस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहनलाई निरुत्साहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजस्व सङ्कलनलाई व्यवस्थित गर्न, तथा

गाउँपालिका वा नगरपालिकालाई ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य बस्तुको बिक्री गर्ने अधिकारको उपयोग गर्ने व्यवहारिक प्रकृया निर्धारण गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार (मन्त्रिपरिषद्) ले देहायको मापदण्ड जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मापदण्डको नाम **"ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७"** रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>:(१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "अनुगमन समिति" भन्नाले दफा ९ बमोजिम गठन हुने समिति सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ग) "खानीजन्य पदार्थ" भन्नाले खानीबाट उत्खनन् गरिएको चट्टान, स्लेट, ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनु पर्छ ।

(घ) "ढुङ्गा र माटोजन्य पदार्थ" भन्नाले उत्खनन् गर्न अनुमती भएको नदी, बगर वा खानी क्षेत्रबाट सङ्कलन र उत्खनन् गर्दा निस्कने रोडा, ढुङ्गा, गिट्टी, वालुवा, मिस्कट, पाँगो, भरुवा सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको नगरपालिका सम्झनु पर्छ र सो शव्दले महानगरपालिका र उपमहानगरपालिकालाई समेत जनाउँछ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(च) "नदी किनारा" भन्नाले नदी वहाव क्षेत्रबाट दाँया र बाँया एक किलोमिटर सम्मको क्षेत्र सम्झनु पर्छ ।

(छ) "नदीजन्य पदार्थ" भन्नाले नदी वा नदी किनारबाट उत्खनन् गरिएको ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थलाई सम्झनु पर्छ।

(ज) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (ड) बमोजिमको अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(झ) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(ञ) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (फ) बमोजिमको अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(ट) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(ठ) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (म) बमोजिमको अध्ययन सम्झनु पर्छ ।

३. <u>उत्खनन् वा सङ्कलनको लागि क्षेत्र निर्धारण</u>: (१) गाउँपालिका वा नगरपालिकाले नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गरिने क्षेत्र निर्धारण देहायको आधारमा गर्नेछ:-

(क) नदीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन गर्ने गरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेका स्थान तथा क्षेत्रहरु,

(ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुङ्गा, गिट्टी र माटोजन्य पदार्थ थुप्रिन गई सोको कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न भएको वा हुनसक्ने अवस्था सिर्जना भै प्राविधिक टोलीको सिफारिशका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिद्वारा त्यस्ता पदार्थ हटाउनु पर्ने भनी विस्तृत विवरण तथा सीमाङ्कन सहित तोकेका स्थलहरु,



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ग) निजी जग्गाबाट उत्खनन् गरी ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ निकाल्न प्रचलित कानून बमोजिम अनुमती प्रदान गरिएको क्षेत्र ।

(घ) प्रचलित कानून बमोजिम खानी तथा क्रसर उद्योग सञ्चालन र निर्माण सामग्री आपूर्तिको लागि तोकिएको क्षेत्र ।

(२) उपदफा (१) बमोजिमको कुनै क्षेत्रमा यस मापदण्ड बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्री वितरणको व्यवस्था सम्बन्धित गाउँपालिका वा नगरपालिकाले मिलाउनेछ ।

४. <u>नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र विक्री:</u> (१) गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्ने,

(ख) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने, गराउने,

(ग) प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकिन गर्ने,

(घ) गाउँसभा वा नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन्, सङ्कलनको अनुमती र बिक्रीको लागि ठेक्का व्यवस्था मिलाउने ।

(२) नदीजन्य पदार्थको सङ्कलन र उत्खनन् गरिने क्षेत्र दुई वा दुईभन्दा बढी गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र पर्ने अवस्थामा संयुक्त समिति बनाई सङ्कलन, उत्खनन् र बिक्रीको व्यवस्था मिलाउन सकिनेछ ।

(३) नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री कार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व अनुसूची-१ बमोजिमको चेकलिष्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्नेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(४) नदीजन्य पदार्थ उत्खनन् गर्दा सामान्यतया श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्नेछ।

तर, मेशिनको प्रयोग गर्नुपर्ने भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त र सीमा भित्र रही गर्नुपर्नेछ साथै विपद् जोखिम संवेदनशील क्षेत्रमा मेशिनको प्रयोग गर्नुपर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिको अनुमती लिनुपर्नेछ ।

(५) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री वितरणको ठेक्का बन्दोबस्त सम्बन्धी सूचना अनुसूची-२क बमोजिमको ढाँचामा प्रकाशन गर्नुपर्नेछ । त्यस्तो सूचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्तिसँग अनुसूची-२ख बमोजिमको ढाँचामा ठेक्का सम्झौता गरी अनुसूची-२ग बमोजिमको ढाँचामा पट्टा फाराम दिनु पर्नेछ ।

(६) उत्खनन् तथा सङ्कलन स्थलसम्म जाने र फर्कने मार्ग गाउँपालिका वा नगरपालिकाले तोक्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम तोकिएको मार्गमा उत्खनन् तथा सङ्कलनका लागि साधनसहित प्रवेश गर्दाका बखत अनुसूची-३ बमोजिम प्रवेश आदेश लिएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाई सोको अभिलेख समेत राख्नुपर्नेछ ।

(८) उत्खनन् गरी सकेपछि छनौट गरी छाडिएको काम नलाग्ने वस्तु जुन स्थानबाट निकालिएको हो सोही स्थानमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुने गरी सम्याई राख्नुपर्नेछ ।

(९) उत्खनन् र सङ्कलन कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त, ठेक्का शर्त, अनुगमन समितिले दिएका निर्देशनहरु समेतको पालना गर्नु पर्नेछ।

(१०) घना बस्ती र वन क्षेत्रको दुई किलोमिटर, राजमार्गको पाँचसय मिटर दूरी भित्रको नदी, सडक पुल तथा झोलुङ्गे पुलको एक किलोमिटर तल र पाँचसय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन गर्न पाईने छैन ।

तर, दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(११) उत्खनन, सङ्कलन तथा ढुवानी कार्यमा संलग्न कामदारका लागि खानेपानी, शौचालय, सुरक्षा, स्वास्थ र दुर्घटना बीमा आदिको प्रवन्ध सम्बन्धित उत्खनन्, सङ्कलन र ढुवानीकर्ताले मिलाउने गरी ठेक्का बन्दोवस्त गर्नु पर्नेछ ।

(१२) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, बिक्री तथा ढुवानी ठेक्का बन्दोबस्त गर्दा परीमाणको आधारमा वार्षिक रुपमा गर्नु पर्नेछ ।

(१३) गाउँपालिका वा नगरपालिकाले वर्षाको समयमा बगेर आउने बालुवालाई वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा नदीमा बाँध बनाई जमाउने तथा निश्चित मात्रामा बालुवा हार्भेस्टिङ् गरेर बेच्ने व्यवस्था गर्न सक्नेछ ।

(१४) यस मापदण्ड बमोजिम ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् र सङ्कलन गर्ने क्रममा विपद्का दृष्टिले थप जोखिम निम्तिन सक्ने अवस्था सिर्जना भएमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिशको आधारमा जिल्ला अनुगमन समितिले उत्खनन् र सङ्कलन कार्यमा निश्चित समय तोकी रोक लगाउन सक्नेछ ।

(१५) यस दफा बमोजिम सङ्कलन र उत्खनन् कार्य गर्दा नदीको बहाव परिवर्तन नहुने साथै सिंचाई प्रणाली लगायतका संरचनालाई समेत असर नपर्ने गरी गर्नु पर्नेछ।

५. <u>खानीजन्य पदार्थ उत्खनन् सम्बन्धी व्यवस्था:</u> (१) खानीबाट ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् तथा सङ्कलन गर्ने कार्य प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमती लिई गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतीको लागि पेश गर्दा स्थानीय तहमा गठित प्राविधिक समितिको सिफारिस बमोजिम स्थानीय तहको कार्यपालिकाबाट निर्णय गरी पेश गर्नु पर्नेछ ।

(३) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन तथा उपदफा (१) बमोजिम खानी सञ्चालनको अनुमती प्राप्त भएपछि सम्बन्धित गाउँपालिका वा नगरपालिकाले खानी उद्योगको दर्ता गर्नेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(४) यस दफा बमोजिम खानी उद्योग दर्ता गरी सञ्चालन गर्ने ठाउँमा कम्तीमा बीस रोपनी वा सो बराबर क्षेत्रफल भएको निजी वा लिजमा लिएको जग्गा आवश्यक पर्नेछ ।

(५) यस दफा बमोजिम दर्ता भै सञ्चालन भएका उद्योगहरुबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवाको परीमाणको आधारमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दर्ता तथा वार्षिक नवीकरण शुल्क लगाउन सक्नेछ ।

(६) यस दफा बमोजिम सञ्चालित खानी उद्योगहरुले स्वीकृत परीमाण र तोकिएका शर्त बमोजिम खानी सञ्चालन गरे नगरेको विषयमा नियमित रुपमा अनुगमन तथा नियमन गर्न सम्बन्धित गाउँपालिका वा नगरपालिकाले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(७) खानीबाट उत्पादित ढुङ्गा, बालुवा, स्लेट र गिट्टी जस्ता साधारण निर्माणमुखी पदार्थको उत्पादनमा प्रचलित कानून बमोजिम रोयल्टी लाग्ने भएमा सो उठाउने व्यवस्था सोही कानूनमा तोकिए बमोजिम हुनेछ ।

६. <u>वन तथा चुरेक्षेत्र सम्बन्धी व्यवस्था:</u> (१) वन तथा चुरेक्षेत्रबाट सामान्यतया ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरिने छैन ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रहरुबाट सो कार्य गर्नुपर्ने भएमा सम्बन्धित निकायको सहमतिमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित विधि अनुसार सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, सङ्कलन र बिक्री गर्न सक्नेछ।

(३) वन क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थको सङ्कलन, उत्खननका लागि मेशिनरी औजार प्रयोग गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित शर्त र मापदण्ड भित्र रही गर्नु पर्नेछ ।

(४) चुरे क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् गर्ने सम्बन्धमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको सहमति तथा स्वीकृत मापदण्डको आधारमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले प्रचलित कानून तथा मापदण्ड बमोजिम ठेक्का बन्दोबस्त गर्नु पर्नेछ ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

तर चुरे क्षेत्र भित्रका नदी, खोला तथा बगरमा बाढी, पहिरो आदि कारणले थुप्रिन गएको ढुङ्गा, गिट्टी, बालुवा आदि नहटाउँदा गम्भीर जोखिम हुने देखिएमा प्राविधिक टोलीबाट गरिएको सिफारिसका आधारमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार हटाउन सकिनेछ ।

(५) उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश र दफा ४ को उपदफा (१०) बमोजिम हटाइने ढुङ्गा, गिट्टी, बालुवा आदिको सङ्कलन, स्थानान्तरण तथा बिक्री सम्बन्धी कार्य सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ठेक्का बन्दोबस्त वा अन्य उपयुक्त व्यवस्था गरी गर्न सक्नेछ ।

(६) यस दफा बमोजिमको ठेक्का बन्दोवस्त गर्दा अपनाउनु पर्ने कार्यविधि दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

(७) राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य पदार्थको उत्खनन् तथा सङ्कलन सम्बन्धी व्यवस्था प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ ।

७. <u>उत्खनन् वा सङ्कलनको परीमाण नियन्त्रण:</u> (१) सम्बन्धित गाउँपालिका वा नगरपालिकाले उत्खनन् वा सङ्कलन गर्न तोकिएको स्थलमा स्वीकृत परीमाणभन्दा बढी उत्खनन् र सङ्कलन हुन नदिन सङ्कलन तथा उत्खनन् आदेश दिनुपूर्व प्राविधिकबाट गरिएको नाप जाँच तथा रेखाङ्कनका आधारमा उत्खनन् वा सङ्कलनको क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उत्खनन् वा सङ्कलन गर्ने स्वीकृति दिइएको क्षेत्रको सम्बन्धित गाउँपालिका वा नगरपालिकाले नियमित अनुगमन गर्नु पर्नेछ ।

(३) अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खननयोग्य परीमाण र क्षेत्रको उत्खनन् भैसकेको पाईएमा अनुगमन समितिले थप सङ्कलन वा उत्खनन् कार्य बन्द गर्ने निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निर्देशन प्राप्त भएको अवस्थामा ठेक्का अवधि बाँकी रहे पनि उत्खनन् वा सङ्कलनकर्ताले उत्खनन् वा सङ्कलन गर्ने कार्य तुरुन्त बन्द गर्नु पर्नेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(५) गाउँपालिका वा नगरपालिकाले लगाएको ठेक्का अन्तर्गत आर्थिक वर्षको अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ जफत गरी लिलाम बिक्री गर्ने व्यवस्था सम्बन्धित गाउँपालिका वा नगरपालिकाले मिलाउनु पर्नेछ ।

(६) उत्खनन्, सङ्कलन वा ढुवानीकर्ताले उत्खनन्, सङ्कलन वा ढुवानी गरेको परीमाणको दैनिक अभिलेख अनुसूची-४क बमोजिमको र दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसूची-४ख बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(७) यस दफा बमोजिमका प्रावधानहरुलाई सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ठेक्का सम्झौता गर्दा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

८. <u>नदीजन्य तथा खानीजन्य पदार्थको ओसार पसार:</u> (१) उत्खनन् स्थलमा प्रवेश गर्ने ढुवानी साधनको क्षमता वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनुपर्नेछ र गाउँपालिका वा नगरपालिकाले त्यस्तो अध्ययन प्रतिवेदनमा उल्लिखित क्षमताभन्दा बढी क्षमता भएका ढुवानी साधनलाई नदी वा खानी प्रवेशमा रोक लगाउनु पर्नेछ ।

(२) ढुवानी गर्ने सवारी साधनले सङ्कलन वा उत्खनन् स्थलदेखि अन्तिम गन्तव्यसम्म नदीजन्य र खानीजन्य पदार्थबाट धुलो उड्न नदिने गरी ढुवानी गरिएको सामाग्रीलाई छोप्ने, गति चालिस किलोमिटर प्रति घण्टा भन्दा बढी नगर्ने, पिच सडकमा पानी चुहिन नदिने र प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम भए नभएको सम्बन्धमा स्थानीय प्रहरी तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले नियमित अनुगमनको प्रबन्ध मिलाउनु पर्नेछ।

(४) मूल बाटोबाट सङ्कलन तथा उत्खनन् स्थलतर्फ सवारी साधन प्रवेश हुने मार्गमा धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खननकर्ता र ढुवानीकर्ताले मिलाउनु पर्नेछ।

(५) कुनै एक गाउँपालिका वा नगरपलिकामा नियमानुसार शुल्क वा दस्तुर तिरी अर्को कुनै गाउँपालिका वा नगरपलिका वा प्रदेशमा ओसार पसार र ढुवानी गर्दा कुनै पनि किसिमको थप कर, शुल्क वा दस्तुर लिन वा ढाट राखी अतिरिक्त शुल्क असुल गर्न पाइनेछैन ।

९. <u>अनुगमन सम्बन्धी व्यवस्थाः</u> (१) नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न देहाय बमोजिमको नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति रहनेछः-

| | |
|---|---|
| (क) जिल्ला समन्वय समितिको प्रमुख | संयोजक |
| (ख) सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्ष | सदस्य |
| (ग) प्रमुख जिल्ला अधिकारी | सदस्य |
| (घ) जिल्ला प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| (ङ) जिल्ला स्थित सशस्त्र प्रहरी बल प्रमुख | सदस्य |
| (च) डिभिजन वन कार्यालयको प्रमुख | सदस्य |
| (छ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत जिल्लामा कार्यरत मध्येबाट समितिले तोकेको इञ्जिनियर | सदस्य |
| (ज) आन्तरिक राजश्व कार्यालय वा करदाता सेवा कार्यालय वा सो नभएको जिल्लाको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख | सदस्य |
| (झ) जिल्ला समन्वय अधिकारी | सदस्य सचिव |

(२) जिल्ला अनुगमन समितिले आवश्यकता अनुसार अन्य सम्बन्धित क्षेत्रका विज्ञ वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) जिल्ला अनुगमन समितिले ढुङ्गा, गिट्टी, वालुवा व्यवस्थापन सम्बन्धमा देहायका विषयमा जुनसुकै बेला अनुगमन गरी सम्बन्धित उत्खनन् वा सङ्कलनकर्तालाई आवश्यक निर्देशन दिन वा सो सम्बन्धमा सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई देहाय बमोजिम कारबाहीको लागि लेखि पठाउन सक्नेछः

(क) वातावरणीय अध्ययन प्रतिवेदनका शर्तको पालना,

(ख) उत्खनन् र सङ्कलनको लागि स्वीकृत विधि, प्रकृया र परीमाण सम्बन्धी व्यवस्थाको पालना,

(ग) राजश्व चुहावट तथा चोरी निकासी,

(घ) ढुवानी गर्ने सवारी साधनले पालना गर्नुपर्ने गति सिमा, प्रदुषण नियन्त्रण, सडक सुरक्षा सम्बन्धी व्यवस्थाको पालना,

(ङ) ठेक्का सम्झौताको परिपालना,

(च) नदीजन्य तथा खानीजन्य पदार्थको बजार मूल्य नियन्त्रण,

(छ) सञ्चालित क्रसर उद्योगहरुले तोकिएको मापदण्ड पूरा गरे नगरेको,

(ज) नेपाल सरकारले समय समयमा तोकेका अन्य विषयहरु, प्रचलित कानुनमा तोकिएका विषयहरु तथा समितिले आवश्यक देखेका अन्य विषयहरु ।

(४) अनुगमन समितिले अनुगमनको क्रममा देखेका विषयहरुमा आवश्यक सुधारका लागि दिएको निर्देशन सम्बन्धित उत्खननकर्ता वा सङ्कलनकर्ताले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(५) अनुगमन समितिले दिएको निर्देशन पालना नगर्ने उत्खनन्, सङ्कलन वा ढुवानीकर्तालाई समितिको निर्देशन पालना नगरेसम्म उत्खनन्, सङ्कलन वा ढुवानी कार्यमा रोक लगाउन सकिनेछ ।

(६) उपदफा (५) बमोजिम रोक लगाईएकोमा सम्बन्धित उत्खनन्, सङ्कलन वा ढुवानीकर्ताले अनुगमन समितिको निर्देशन बमोजिमको शर्त पुरा गरेको अवस्थामा रोक्का फुकुवा गर्न सकिनेछ ।

(७) सम्बन्धित गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिट्टी, वालुवाको उत्खनन् कार्य यस मापदण्ड र वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न कार्यदल गठन गर्नु पर्नेछ र सो कार्यदलले अनुसूची-५ बमोजिम चेकलिष्ट बनाई नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(८) अनुगमन समितिले माग गरे बमोजिमको सूचना, तथ्याङ्क तथा अन्य प्राविधिक सहयोग गाउँपालिका वा नगरपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

(९) अनुगमनका क्रममा ठेक्काका शर्त उल्लङ्घन गरेको वा राजश्व छली गरी उत्खनन् तथा ओसार पसार गरेको पाईएमा त्यस्तो सङ्कलनकर्ता, उत्खननकर्ता र ढुवानीकर्तालाई



नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुगमन समितिले त्यस्तो कार्य तत्काल रोक्ने निर्देशन दिन, सचेत गराउन वा अवैध मालवस्तु जफत गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम जफत गरिएको मालवस्तु सम्बन्धित गाउँपालिका वा नगरपालिकाले प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी स्थानीय सञ्चित कोषमा आम्दानी जनाउनु पर्नेछ ।

(११) अनुगमन समितिले प्रत्येक बर्षको भाद्र मसान्तपछि नदीको स्थलगत अनुगमन गरी जम्मा भएको नदीजन्य पदार्थको अवस्था अनुसार वातावरणीय अध्ययन प्रतिवेदन संशोधन वा परिमार्जन गर्नुपर्ने भए सोही बमोजिम गर्न सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई लेखी पठाउन सक्नेछ ।

(१२) अनुगमन समितिले सम्बन्धित ठेकेदार, उत्खननकर्ता, खानी र क्रसर उद्योगलाई समितिको बैठकमा उत्खनन् तथा बिक्रीको वार्षिक कार्ययोजना प्रस्तुत गर्न लगाउन सक्नेछ।

(१३) प्रदेश तथा स्थानीय तहले समेत यस दफा बमोजिमको व्यवस्थामा प्रतिकूल असर नपर्ने गरी आ-आफ्नो क्षेत्र भित्र हुने ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थको उत्खनन्, सङ्कलन र बिक्री कार्यको अनुगमनका लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(१४) जिल्ला अनुगमन समितिलाई अनुगमन कार्यका लागि आवश्यक पर्ने प्रशासनिक खर्च सम्वन्धित गाउँपालिका वा नगरपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

१०. <u>नदीजन्य र खानीजन्य पदार्थको बजारमूल्य नियमन सम्बन्धी व्यवस्था:</u> (१) अनुगमन समितिले ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य र खानीजन्य पदार्थको उत्खनन् लागत, गाउँपालिका वा नगरपालिकालाई तिरेको बिक्रि वा शुल्क बापतको रकम, वजारको दूरी र निश्चित मुनाफा समेतका आधारमा बजार मूल्य निर्धारण गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बजार मूल्य निर्धारण गरिएकोमा निर्धारित बजार मूल्यभन्दा बढी मूल्य लिएको पाईएमा त्यस्तो विक्रेतालाई अनुगमन समितिको निर्णय बमोजिम बिक्री वितरण कार्यमा रोक लगाउन सकिनेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

११. <u>क्रसर उद्योग सञ्चालनका लागि दूरी सम्बन्धी मापदण्ड:</u> (१) क्रसर उद्योग सञ्चालन गर्दा देहाय बमोजिमको दूरी सम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछः

| क्र.सं | विवरण | कायम दूरीको मापदण्ड |
|---|---|---|
| १ | राजमार्गको राईट अफ वे बाट | ५०० मिटर |
| २ | खोला वा नदी किनारबाट | ५०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ संस्था, धार्मिक, सांस्कृतिक, पुरातात्विक महत्वका स्थान तथा सुरक्षा निकायबाट | २ किलोमिटर |
| ४ | पक्की पुलबाट | ५०० मिटर |
| ५ | अन्तर्राष्ट्रिय सिमाबाट | २किलोमिटर |
| ६ | वन, निकुञ्ज तथा आरक्षबाट | २ किलोमिटर |
| ७ | घना बस्तीबाट | २ किलोमिटर |
| ९ | हाईटेन्सन लाईनबाट | २०० मिटर |
| १० | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | ५०० मिटर |
| ११ | चुरे पहाडको फेदीबाट | १५०० मिटर |

(२) नयाँ स्थापना हुने क्रसर उद्योगहरुले वातावरणीय अध्ययन प्रतिवेदनमा सङ्कलन, उत्खनन् गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परीमाण, समयावधि र स्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखाङ्कन सहितको नाप नक्शा अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रकृया पुरा गरी नयाँ क्रसर उद्योग सञ्चालनको लागि वन तथा वातावरण मन्त्रालय वा सो मातहतका निकायहरुको सहमति लिई दर्ताका लागि निवेदन दिने व्यक्ति वा फर्मले उपदफा (१) बमोजिमको मापदण्ड समेत पालना गरेको अवस्थामा औद्योगिक व्यवसाय सम्बन्धी प्रचलित कानूनले गरेको वर्गीकरण बमोजिम अधिकार प्राप्त निकायले क्रसर उद्योग सञ्चालनको अनुमती प्रदान गर्नेछ ।

(४) क्रसर उद्योग लगायतका वालुवा पाँगो धुने र प्रशोधन गर्ने मेशीन (फिरफिरे) तथा ढुङ्गा प्रशोधन उद्योग स्थापना गर्दा साईड ड्रेन, हिलो थिग्रने पोखरी, फोहोर पानी प्रशोधनको व्यवस्था र बायु प्रदुषण नियन्त्रणको लागि समेत आवश्यक व्यवस्था गर्ने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(५) अनुगमन समितिले अन्य विषयका अतिरिक्त उपदफा (४) बमोजिमका शर्तहरुको पालना भए नभएको नियमित अनुगमन गर्ने र शर्त पालना नगर्ने उद्योगहरुलाई समितिको निर्णय बमोजिम शर्त पुरा नभएसम्म उद्योग सञ्चालनमा रोक लगाउन सक्नेछ ।

(६) प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका खानी, क्रसर तथा प्रशोधन उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधीनमा रही सङ्कलन तथा उत्खनन् गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरण खुलाई प्रत्येक वर्षको भाद्र महिनाभित्र अनुगमन समिति र सम्बन्धित गाउँपालिका वा नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(७) यस मापदण्ड बमोजिम स्थापना तथा सञ्चालन हुने उद्योगले प्रत्येक आर्थिक वर्षको लागि असार मसान्तभित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद बिक्रीको परीमाण सार्वजनिक गरी सोको जानकारी सम्बन्धित गाउँपालिका वा नगरपालिका र अनुगमन समितिलाई दिनु पर्नेछ ।

(८) उपदफा (६) र (७) बमोजिमको व्यवस्था पालना नगर्ने उद्योगलाई अनुगमन समितिको सिफारिसमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले बन्द गर्न सक्नेछ ।

(९) उपदफा (१) को दूरी सम्बन्धी मापदण्ड पूरा नहुने गरी सञ्चालनमा रहेका क्रसर उद्योगलाई सम्बन्धित गाउँपालिका वा नगरपालिकाले एक वर्षभित्र वातावरणीय अध्ययन गराई स्थानान्तरण गर्न लगाउनु पर्नेछ र यसरी स्थानान्तरण हुन नमान्ने उद्योगको हकमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दर्ता खारेजीको लागि सम्बन्धित निकाय समक्ष सिफारिस गर्नेछ ।

(१०) नयाँ दर्ता हुने वालुवा प्रशोधन उद्योगका हकमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा उत्पादनमूलक उद्योगको रुपमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले दर्ता गर्ने व्यवस्था मिलाउनेछ ।

(११) क्रसर उद्योगले आफुलाई चाहिने कच्चा पदार्थ सिधै नदी वा वन क्षेत्रबाट उत्खनन् वा सङ्कलन गरी प्रशोधन गर्न पाउनेछैन ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

(१२) उपदफा (६) बमोजिम क्रसर उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थको आपूर्ती गर्दा लाग्ने बिक्री मूल्य वा शुल्क गाउँपालिका वा नगरपालिकालाई बुझाएपछि मात्र त्यस्तो कच्चा पदार्थ आपूर्ती गर्न पाइनेछ ।

(१३) क्रसर उद्योगलाई गाउँपालिका वा नगरपालिकाले सभाद्वारा निर्धारित दरमा उत्पादित परीमाणको आधारमा व्यवसाय कर लगाउन सक्नेछ ।

१२. <u>ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाको लागि विशेष व्यवस्था:</u> (१) ठूला, रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाहरुका लागि नदीजन्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट सञ्चालित त्यस्ता आयोजनाहरुलाई आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवाको वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाले नियमानुसारको शुल्क वा दस्तुर लिई आयोजना कार्यालयको सिफारिसमा तोकिएको स्थानबाट निर्माण सामग्री सङ्कलनको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्दा सम्बन्धित आयोजना कार्यालयको आवश्यक परीमाण खुल्ने व्यहोराको सिफारिस, सम्बन्धित निकायले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन, शुल्क वा दस्तुर तिर्ने प्रतिवद्धता, आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन र आयोजना सञ्चालन गर्ने गरी भएको सम्झौता लगायतका कागजातको आधारमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले शुल्क वा दस्तुर लिई त्यस्तो नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्नेछ ।

(३) यस दफा बमोजिम प्राप्त गरेको ढुङ्गा, गिट्टी, बालुवा आयोजनाको लागि मात्र प्रयोग गर्ने व्यवस्था सम्बन्धित आयोजना प्रमुखले मिलाउनु पर्नेछ र अन्यत्र प्रयोग भएको पाइएमा अनुगमन समितिले त्यस्तो आयोजना प्रमुखलाई सम्बन्धित निकायमा आवश्यक कारबाहीको लागि लेखी पठाउनु पर्नेछ ।

(४) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विकास साझेदारहरुबाट सञ्चालित आयोजनाहरुको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्दा आयोजनालाई चाहिने ढुङ्गा, गिट्टी, बालुवाको परीमाणका साथै उत्खनन् स्थल निर्धारण गरी प्रतिवेदनमा समावेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(५) उपदफा (४) बमोजिम सञ्चालित आयोजनाहरुको लागि आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवाको ओसार पसार र ढुवानी गर्दा समेत यस मापदण्डमा उल्लिखित प्रकृया पूरा गर्नु पर्नेछ ।

(६) गाउँपालिका वा नगरपालिका आफैंले सञ्चालन गर्ने आयोजनाका लागि आवश्यक पर्ने साधारण निर्माणमुखी नदीजन्य पदार्थको हकमा सम्बन्धित सभाको स्विकृतीमा बिक्री मूल्य वा शुल्क नलाग्ने व्यवस्था मिलाउन सक्नेछ ।

तर यस्तो व्यवस्था गर्दा आयोजनाको लागत अनुमान स्वीकृत गर्दा नै नदीजन्य पदार्थको मूल्य र शुल्क समायोजन गरेको हुनु पर्नेछ ।

(७) सडक निर्माण वा बिस्तारको क्रममा सडक अधिकार क्षेत्र भित्रबाट निस्कने ढुङ्गा, गिट्टी, बालुवा जस्ता निर्माण सामाग्री सम्बन्धित आयोजनाले उपयोग गर्ने अबस्थामा त्यस्तो सामाग्रीको परीमाणका आधारमा लाग्ने बिक्रि मूल्य बापतको रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई बुझाएर मात्र उपयोग गर्न सकिनेछ ।

१३. <u>वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी व्यवस्था:</u> साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र ढुवानी कार्यका लागि गरिने वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

१४. <u>राजश्व बाँडफाँट सम्बन्धी व्यवस्था:</u> गाउँपालिका वा नगरपालिकाले यस मापदण्ड बमोजिम साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवम् अनुमती वा नविकरण शुल्क वा करबाट संकलित राजश्वमध्ये साठी प्रतिशत रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषमा र चालिस प्रतिशत रकम सम्बन्धित प्रदेश सरकारको प्रदेश सञ्चित कोषमा जम्मा हुने गरी बाँडफाँट गर्नुपर्नेछ ।

१५. <u>कार्यविधि बनाउन सक्ने:</u> यस मापदण्ड बमोजिम अनुगमन तथा नियमन सम्बन्धी व्यवस्थाको कार्यान्वयनको लागि जिल्ला अनुगमन समितिले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

१६. <u>व्यवसायिक रुपमा बिक्री गर्न नहुने:</u> निजी माछा पोखरी, पेट्रोलपम्प, आवास क्षेत्र निर्माण लगायतका कार्य गर्दा निस्किने ढुङ्गा, गिट्टी, बालुवाको व्यवसायिक बिक्री गर्न पाइनेछैन ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

तर व्यवसायिक रूपले बिक्री गर्नुपर्ने अवस्थामा वातावरणीय अध्ययन गराई सम्बन्धित गाउँपालिका वा नगरपालिकामा लाग्ने शुल्क वा दस्तुर बुझाई अनुमती लिएर मात्र गर्नु पर्नेछ ।

१७. <u>सूचना पाटी राख्ने:</u> नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् वा ढुवानीकर्ताले सङ्कलन वा उत्खनन् गरिने स्थानको लम्बाई, चौडाई तथा गहिराई सहितको चारकिल्ला, उत्खनन् गर्ने अवधि र समय, प्रयोग गरिने साधन र गुनासो सुन्ने अधिकारीको नाम, पद र सम्पर्क नम्बर लगायतका विवरण खुल्ने अनुसूची-६ बमोजिमको सूचनापाटी सम्बन्धित उत्खनन् वा सङ्कलन स्थलमा राख्ने व्यवस्था अनिवार्य रुपमा मिलाउनु पर्नेछ ।

१८. <u>मुल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने:</u> यस मापदण्ड बमोजिम नदीजन्य पदार्थको ठेक्का लिने व्यवसायी अनिवार्य रुपमा मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्नेछ ।

१९. <u>निकासी सम्बन्धी व्यवस्था:</u> (१) नेपाल सरकारले ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थको कम्तिमा एक तह प्रशोधन गरी निकासी गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(२) चट्टान काटेर वा कुँदेर तयार गरिने सामग्री तथा स्टोनडस्ट जस्ता पदार्थ ओसार पसार गर्दा प्याकेजिङ् गरेर निर्यात गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२०. <u>थप व्यवस्था गर्न सक्ने:</u> यो मापदण्डको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन यस मापदण्डको प्रतिकुल नहुने गरी प्रदेश तथा गाउँपालिका वा नगरपालिकाले आवश्यकता अनुसार कानून बनाई लागु गर्न सक्नेछन् ।

२१. <u>खारेजी र बचाउ:</u> (१) यो मापदण्ड लागु भएपछि यस पूर्व ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य र खानीजन्य प्राकृतिक स्रोतको उपयोग र व्यवस्थापनका लागि नेपाल सरकारबाट भएका देहायका आदेश तथा निर्णयहरु स्वतः खारेज भएको मानिनेछः-

(क) ढुङ्गा, गिट्टी, बालुवाको नियमन सम्बन्धी प्रतिवेदन कार्यान्वयन गर्ने सम्वन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७०/०३/२७ र मिति २०७०/०५/१७ को निर्णय ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ख) रोडा, ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् तथा सङ्कलनलाई नियमन गर्ने सम्बन्धी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१/०४/११ को निर्णय ।

(ग) ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा व्यवस्थापन सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२/१०/२० को निर्णय ।

(घ) जिल्ला अनुगमन तथा समन्वय समिति गठन र कार्यादेश सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०६/२८ को निर्णय ।

(२) उपदफा (१) बमोजिमका आदेश वा निर्णय बमोजिम भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

नदीको वातावरणीय अवस्था निरीक्षण चेक लिष्ट

| क.सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएका विषयहरु अनुसारको व्यवस्था | | |
| २ | वातावरणीय अध्ययन प्रतिवेदनले सङ्कलन तथा उत्खननको लागि तोकेका क्षेत्रहरु परिवर्तन भएको | | |
| ३ | ढुङ्गा, गिट्टी, वालुवा गेगर जस्ता पदार्थको अवस्था परिवर्तन | | |
| ४ | सङ्कलन, उत्खनन् र ढुवानीको लागि नयाँ प्रावधान आवश्यकता | | |
| ५ | नदीले वहाव परिवर्तन गरेको | | |
| ६ | वातावरणीय अध्ययन प्रतिवेदनले औंलाएका पहिलेको अवस्था | | |
| ७ | अघिल्लो वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याए अनुसार सङ्कलन तथा उत्खनन् गर्न मिल्ने अवस्था | | |
| ८ | नदीले नयाँ पदार्थ थुपारेको वा बगाएको अवस्था | | |
| ९ | उत्खनन् गरिने परीमाण, चौकिल्ला रेखांकन सहितको नाप नक्शा राखेको क्षेत्रको अवस्था यथावत रहेको | | |
| १० | अन्य | | |

नोट: वातावरणीय अध्ययन प्रतिवेदनसँग आवद्ध गरी यो निरीक्षण चेक लिष्टको प्रयोग गर्नुपर्नेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची-२क

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित )

## नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः................)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२क. र यस ............. गाउँपालिका वा नगरपालिकाको आर्थिक ऐन, .... २०.... को दफा ...... को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी ........... गाउँपलिका वा नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. .............. को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ।

तपसिल

| सि. नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू. अ. कर बाहेक | धरौटी रकम | बोलपत्र दस्तुर ( रु.) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| | | | | | | |
| | | | | | | |

शर्तहरुः

फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. .............. को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा



नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालय काठमाडौं

............... बैंक शाखा कार्यालय ............... मा रहेको यस कार्यालयको खाता नं. ............... मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ............... औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको ............... वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ............... प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको ............... मा रहेको धरौटी खाता नं. .............. जम्मा गरी सोको सक्कल बैंक भौचर वा ............... बैंकबाट इजाजत प्राप्त ............... बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ............... दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ............... औं दिन दिनको ............... बजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको ............... बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।



प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले .............. औं दिन दिनको .............. बजे ......... गाउँपालिका वा नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले .............. दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत .............. प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ताबापत .............. प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त .............. बैंकबाट यस कार्यालयको नाममा .............. साल .............. मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप .............. % भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ । यस गाउँपालिका वा नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयवाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको Website ...................... मा समेत हेर्न सकिनेछ ।)



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-२ख

( दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

### ठेक्का सम्झौता फाराम

लिखितम ..................... नाती .................. छोरा ................. जिल्ला ............. गाउँपालिका वा नगरपालिका वडा नं. ...... स्थायी घर भई हाल ............ गाउँपालिका वा नगरपालिका वडा नं. ............ मा वसोवास गर्दै आएको वर्ष ............. को ........................ले तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा ..................... ठेक्का वन्दोवस्त गर्ने गरी यस कार्यालयबाट प्रकाशित गरिएको मिति ........................ को ठेक्का नं. .............. को सूचना बमोजिम ढुङ्गा, गिट्टी र बालुवा उत्खनन, सङ्कलन तथा बिक्री वितरणका लागि तपाईं समेतले पेश गर्नु भएको बोलपत्र मूल्यांकन गर्दा आ.व. ....... का लागि ........... रु. ............ (मू.अ.कर बाहेक) मा तपाईसँग ठेक्का सम्झौता गर्न मिति ............ मा यस कार्यालयबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलका शर्त बमोजिम तपसिल बमोजिमका क्षेत्रमा ........ गाउँपालिका वा नगरपालिकाको तर्फबाट आय सङ्कलन गर्ने ठेक्काको मञ्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु । तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारी कामकाज गरी मिति ............. मा यस कार्यालयलाई ................ प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. ............. (मू.अ.कर बाहेक) बुझाई मिति ............ देखि मिति .............. सम्म आ.व. ............ को लागि ठेक्का चलाउनेछु । पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरीदिनु भनी मेरो मनोमानी राजीखुसी सँग रकम चलनको कबुलियत लेखी यस कार्यालयमा बुझाएको छु ।

तपसिलः

(१) यस सम्झौतापत्रमा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधीनमा रही आ.व. ....... का लागि ................. प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु. ................।– (मू.अ.कर बाहेक) वा प्रथम किस्ता बापतको रु. ......... (मू.अ.कर बाहेक) बुझाई ........... गते देखि ............... सम्मको लागि प्रचलित कानूनको अधीनमा रही ............... आय सङ्कलन गर्नेछु ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(२) उक्त आय सङ्कलन गर्नका लागि गाउँपालिका वा नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य, सेवा शुल्क वा दस्तुरको रुपमा आय सङ्कलन गर्ने गरी गाउँपालिका वा नगरपालिका ......... लाई अग्रिम एकमुष्ट वा प्रथम किस्ता बापतको रकम बुझाएको छु ।

(३) सो आय सङ्कलन गर्न गाउँपालिका वा नगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क, दस्तुर इत्यादि थप गरी लिने छैन र ......... गाउँपालिका वा नगरपालिकाबाट प्रमाणित गरिए बाहेकका रसीदहरु प्रयोग गरी आय सङ्कलन गर्ने छैन । अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय भएमा मलाई मञ्जुर छ।

नदीजन्य पदार्थहरु उत्खनन्, सङ्कलन  र बिक्री वितरण गर्ने शर्तहरु:

१. साधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ ।

२. साधरण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन सङ्कलन गरी घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अनुगमन समिति तथा गाउँपालिका वा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।

३. ठेक्का कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको साथै उत्खननको लागि उल्लिखित परीमाणको आधारमा बिक्री शुल्क बापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप ........... मू.अ.कर रकम समेत गरी एकमुष्ट वा ........ किस्तामा ............. प्रतिशतका दरले .................. मसान्त भित्र र ............ महिनाको अन्तिममा यस कार्यालयमा बुझाउनु पर्नेछ ।

४. यस गाउँपालिका वा नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, प्रदेश कानून,  नदीजन्य निर्माण सामग्रीहरुको



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवं वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

५. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदीजन्य पदार्थको उत्खनन, सङ्कलन तथा बिक्री वितरण कार्य चुरे, मध्यवर्ति क्षेत्र, राष्ट्रिय निकुञ्ज, सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईनेछैन ।

६. बिक्री मूल्य वा दस्तुर, शुल्क तोकिएको सङ्कलन केन्द्रमा मात्र उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाईनेछैन ।

७. नेपाल सरकार वा ...... गाउँपालिका वा नगरपालिकालाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

८. शुल्क उठाउने रसीदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुट्टै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसीद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

९. बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होर्डिङ बोर्ड कर सङ्कलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्नेगरी राख्नु पर्नेछ ।

११. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानून बमोजिम हुनेछ।

१२. तोकिएको म्याद भित्र ठेकेदारले गाउँपालिका वा नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा ...... गाउँपालिका वा नगरपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको ............. % का दरले ब्याज समेत ठेकेदारबाट गाउँपालिका वा नगरपालिकाले असुल गर्नेछ ।

१३. ....... गाउँपालिका वा नगरपालिकाले बिक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामग्रीमा पुनः अर्को स्थानीय तहबाट कर लगाउन पाइने छैन ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

१४. प्रचलित ऐन, नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संसोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

१५. ठेक्का सङ्कलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा सङ्कलन केन्द्र राख्नु पर्ने भएमा ...... गाउँपालिका वा नगरपालिकाको पूर्व स्विकृति लिएर मात्र राख्नु पर्नेछ ।

सङ्कलन केन्द्र राख्ने स्थान

| क्र.सं. | ठेक्काको किसिम | सङ्कलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | | | |
| | | | |
| | | | |

१६. आ.व. .............. को लागि निम्नानुसारको नदीजन्य सामग्रीमा प्रति घन फिट बिक्री दर रु....... मा मू.अ.कर बापत .......... प्रतिशत थप गरी निम्न अनुसार बिक्री मूल्य वा शुल्क सङ्कलन गर्न पाइनेछ । साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परीमाण उत्खनन् भएको खण्डमा थप परीमाण उत्खनन् गर्न रोक लगाईनेछ ।

१७. उत्खनन्, सङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । शुन्य गर्न नसकेको परिणाम गाउँपालिका वा नगरपालिकाले जफत गरी लिलाम बिक्री गर्नेछ ।

१८. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ बिक्री बापत गाउँपालिका वा नगरपालिका लाई बुझाउनु पर्ने बिक्री शुल्कको बिवरण देहायको ढाँचामा राख्नुपर्नेछ ।

(प्रति घन फिटमा)

| नदीजन्य वा खानीजन्य पदार्थ | ठेकेदारले लिन पाउने बिक्री मूल्य वा शुल्क (.........%) | मू.अ.कर रकम (.........%) | कुल जम्मा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

१९. सामान्य निर्माणमुखी नदीजन्य उत्खनन्, सङ्कलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

२०. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन ।

२१. ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्नेछ र सोको नियमित रुपमा गाउँपालिका वा नगरपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले जनुसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन।

२२. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन र सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, वालुवा आदि सङ्कलन तथा ढुवानी गर्नु पर्नेछ ।

२३. साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नेछ । सो बापत लागेको खर्च गाउँपालिका वा नगरपालिकामा दावी गर्न पाइने छैन ।

२४. उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ ।

२५. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाईनेछैन ।

२६. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, वालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नु पर्नेछ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

२७. ठेक्का सम्झौता भएको मितिको भोलिपल्ट देखि ............ सम्म विहान ......... बजे देखि बेलुका .............बजे सम्म मात्र उत्खनन् एवं सङ्कलन समय अवधि हुनेछ ।

२८. साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्यमा एक्स्काभेटर, डोजरजस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्नु पर्नेछ ।

२९. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालवस्तु उठाई अन्यत्र लगेको वा स्टक गरेको फेला परेमा त्यस्तो मालवस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

३०. उत्खनन् पश्चात् काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन् गर्न पाइनेछैन ।

३१. साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा बिक्री प्रवन्ध मिलाउनु पर्नेछ ।

३२. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथै कामदार तथा कर्मचारीहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकेदारको हुनेछ ।

३३. स्वीकृत वातावरणीय प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन तथा बिक्री गर्नु पर्नेछ ।

३४. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची-२ग

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

**पट्टाको फाराम**

............ गाउँपालिका वा नगरपालिकाबाट श्री ............... को नाती ................ को छोरा ............... जिल्ला ................ गा.पा. वा न.पा.वडा नं. ............... स्थायी घर भई हाल ................ गा.पा. वा न.पा. वडा नं. .................. मा वसोवास गर्दै आएको वर्ष .................. को .................... ले .................. कानून बमोजिम ...... गाउँपालिका वा नगरपालिकाको निमित्त तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा तपसिल बमोजिमको दरले आय रकम सङ्कलन गर्न ठेक्का वन्दोवस्त गर्ने गरी यस ........ गाउँपालिका वा नगरपालिकाबाट बोलपत्र आव्हान गरिए अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको मूल्याङ्कन हुँदा आ.व. ............................को लागि रु. ............................।–(मू.अ.कर बाहेक) अक्षरेपी ............................ मात्रमा ठेक्का दिने गरी तपाईसँग ठेक्का वन्दोवस्त गर्न मिति ............................मा यस गाउँपालिका वा नगरपालिकाबाट भएको निर्णय अनुसार तपसिलका शर्त बमोजिम हुने गरी आय सङ्कलन गर्न मञ्जुरी भई कवुलियत गरिदिनु भएको हुँदा कवुलियत बमोजिम घटी वढी नपारी तपसिलमा लेखिए बमोजिमको मिति भित्र ......... गाउँपालिका वा नगरपालिकालाई सम्पूर्ण किस्ताको रकम रु. ..........।– वा प्रथम किस्ता बापतको रकम रु.......... बुझाई मिति ............ देखि मिति ........................सम्म आ.व...................... को लागि देहाय बमोजिमका स्रोतहरुवाट देहाय बमोजिमको दरमा बिक्री मूल्य वा शुल्क सङ्कलन गर्ने कार्य गर्नुहोला। तपाईले गरी दिनुभएको संझौता र यो पट्टाको वर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको दरमा फरक पारी बिक्री मूल्य वा शुल्क असुल गरेको ठहरे तपाईसँग भएको ठेक्का तोडी तपाईको नाम कालो सूचीमा राखिने र त्यसवाट यस गाउँपालिका वा नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैंक जमानत वा नगदै दाखिला गरेको रकमवाट असुल उपर गरिनेछ । पछि तपाईको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनी आजै यस .......... गाउँपालिका वा नगरपालिकाबाट ठेक्का चलनको पूर्जी गरिदिईएको छ ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

तपसिल

(१) सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व. ................ को सम्पूर्ण किस्ता वा प्रथम किस्ता बापतको रकम रु. ..............।– बुझाई ............... साल ...........गते देखि ............. साल ................ सम्मलाई प्रचलित कानूनको अधिनमा रही ............... गाउँपालिका वा नगरपालिकाको आय सङ्कलन गर्ने ।

(२) उक्त आय सङ्कलन गर्नका निमित्त .......... गाउँपालिका वा नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य वा शुल्कको रुपमा आय सङ्कलन गर्नेछु । यसरी आय सङ्कलन गर्दा करदातालाई दिइने भरपाई रसीद यसै गाउँपालिका वा नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय सङ्कलन गर्न ........................... गाउँपालिका वा नगरपालिकाको कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इत्यादि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित गरिए बाहेकका रसीदहरु प्रयोग गरी आय सङ्कलन गरिने छैन । यदि कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय हुनेछ ।

(४) अन्य कुराहरु तपाई र यस गाउँपालिका वा नगरपालिकाको कार्यालय बीच भएको संझौता बमोजिम हुनेछ ।

(५) साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री गर्दा देहायका स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ ।

| क्र. सं. | नदीजन्य पदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | बालुवा (क्यू. फि.) | ढुङ्गा (क्यू. फि.) | ग्राभेल/ गिट्टी (क्यू. फि.) | सङ्कलन गर्ने स्थान |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## अनुसूची-३

(दफा ४ को उपदफा (७) सँग सम्वन्धित)

### पटके प्रवेश आदेश

ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनु पर्ने परीमाण नियन्त्रण तथा नदी प्रवेश आदेश

नदी नाम:

नाका वा स्थानको नाम:

प्रवेश आदेश मितिः समयः प्रवेश आदेश नं:

नदी प्रवेश आदेश विवरण

१. ढुवानी गरी लैजाने नाकाको नाम:

ठेगाना: सम्पर्क फोन न.:

२. ढुवानी गरिने पदार्थको नाम:

३. ढुवानी गरी लैजाने साधनको नाम: सवारी दर्ता नं.:

४. निकाली लैजाने पदार्थको परीमाण: घन फूट:

५ ढुवानी गरी लैजाने स्थान:

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजन:

(जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने)

(क) निजी निर्माण

(ख) सार्वजनिक निर्माण



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ग) प्रशोधन पछि बिक्री

(घ) अन्य (प्रयोजन खुलाउने.......................................)

(नोटः यो आदेश नलिई ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसार-पसार गर्न र संचय वा भण्डारण गर्न निषेध गरिएको छ । कहि कतै त्यस्तो पाईएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।)

प्रवेश आदेश दिने कर्मचारीको नाम थरः

सहिः

ठेकेदार वा प्रतिनिधिको नाम थरः

सहिः



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची-४क

(उत्खननकर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख)

(दफा ७ को उपदफा (६) सँग सम्वन्धित)

खानी वा नदीबाट ढुङ्गा, गिट्टी र बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् ओसारपसार कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उत्खनन् स्थान अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख

नाका वा स्थान भएको खानी वा नदीको नामः-

उत्खनन् गरिएको नाका वा स्थानको नामः-

| क्र.सं. | उत्खनन गरिएको मिति | उत्खनन् गरिएको परीमाण | उत्खननकर्ता वा प्रतिनिधीको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## अनुसूची-४ख

## दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरीज

(दफा ७ को उपदफा (६) सँग सम्बन्धित)

नदीजन्य तथा खानीजन्य ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् र सङ्कलन कार्यको लागि बातावरणीय अध्ययन कार्यान्वयनका सन्दर्भमा ढुवानी क्षेत्र अनुसार परीमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख तेरीज

**नदी वा खानीको नामः-**

**नाकाको नामः-**

**मितिः-**

| क्र.सं. | ढुवानी मिति | पटके बिक्री आदेश नं. | पटके बिक्री भएको परीमाण | बिक्री भएको पदार्थ लैजाने सवारी नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

**नोटः यो फाराम उत्खनन् स्थलवाट प्रत्येक पटक भरी पटके बिक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा ........ गाउँपालिका वा नगरपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ ।**

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची-५

(दफा ९ को उपदफा (७) सँग सम्बन्धित)

.......... गाउँपालिका वा नगरपालिका र जिल्ला अनुगमन समितिबाट अनुगमन गर्दा प्रयोग हुने अनुगमन चेक लिष्ट

| क्र सं. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | मेशिन उपकरणको प्रयोग सम्झौता अनुसार | | |
| २ | प्रयोग हुने एक्स्साभेटरको संख्या सम्झौता अनुसार | | |
| ३ | प्रयोग गर्ने क्षेत्र पालना भएको | | |
| ४ | सङ्कलन, उत्खनन् र ढुवानीको समय पालना भएको | | |
| ५ | अधिकतम गहिराईको मापदण्ड पालना भएको | | |
| ६ | निकालिने परीमाण पालना भएको | | |
| ७ | मुख्य बस्ती देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मको औषत दूरी पालना भएको | | |
| ८ | स्थानीय सडक देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्म औषत दूरी पालना भएको | | |
| ९ | थुपार्ने काम नदी तटीय क्षेत्रमा नगर्ने विषय पालना भएको | | |
| १० | दैनिक उत्खनन् अभिलेख | | |
| ११ | दैनिक बिक्री ढुवानी तेरिज | | |
| १२ | प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र नदीमा मिसाउने व्यवस्थालाई कडाईका साथ लागू भएको | | |
| १३ | रेखांकन सहितको नाप नक्शा राखेको | | |
| १४ | मार्गको धुलो उड्न नदिन नियमित पानी छर्कने प्रबन्ध | | |
| १५ | साईड ड्रेन र हिलो थिग्रने पोखरी (सेटिङ्ग पोण्ड) को व्यवस्था गरेको | | |



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| १६ | उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि अस्थायी शौचालयको प्रबन्ध गरेको | | |
| १७ | उत्खनन् गरिने परीमाण, चौकिल्ला, उत्खनन् विधि राखेको | | |
| १८ | गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नं. र सूचना पाटी | | |
| १९ | क्रसर उद्योगले पालना गर्नु पर्ने दूरी सम्बन्धी मापदण्डको पालना | | |
| २० | शून्य मौज्दात सम्बन्धी व्यवस्थाको पालना | | |
| २१ | ढुवानी र ओसार पसार सम्वन्धी मापदण्डको पालना | | |
| २२ | तोकिएको वजार मूल्यको पालना | | |
| २३ | अन्य कुनै विषयहरु | | |



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची-६

(दफा १७ सँग सम्बन्धित)

## उत्खनन् स्थलमा राख्नु पर्ने सूचना पाटीको नमूना

साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी गर्ने कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा उत्खनन् तथा सङ्कलन स्थलमा सार्वजनिक जानकारीका लागि राखिने सूचना पाटी

(क) उत्खनन्, सङ्कलन गरिने स्थल:

(ख) उत्खनन्, सङ्कलनको विवरण

१. नदी वा खानीको नाम:

२. ठाउँको नाम:

३. उत्खनन् गरिने परीमाण घनफिट मा:

४. उत्खनन् कार्यमा प्रयोग हुने साधन:

५. उत्खनन् गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगाना:

६ उत्खनन् गर्ने अवधि: मिति २०...।...। ......गते बाट २०...।...। ......भित्र ।

(कुनै गुनासो वा थप जानकारीको लागि ..................गाँउपालिका वा नगरपालिकामा सम्पर्क गर्ने)

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं